# स्थानीय राजपत्र

## कुश्मा नगरपालिका

खण्ड ३, संख्या २, मंसिर २० गते, २०७६ साल


# भाग २

**कुश्मा नगरपालिकाको आर्थिक सहायता सम्वन्धि कार्यविधि २०७६**

**कार्यपालिकाबाट स्वीकृत मिति - २०७६/०८/०८**

**प्रमाणीकरण मिति - २०७६/०८/१६**

कुश्मा नगरपालिका भित्र बसोवास गर्ने देहायका व्यक्तिहरुलाई सम्बन्धित व्यक्तिको निवेदन, निजको नागरिकताको प्रतिलिपिको आधारमा वढीमा रु ५,०००। (पाँच हजार रुपैंया) सम्म नगर प्रमुखको लिखित आदेशमा प्रमुख प्रशासकीय अधिकृतले सहायता रकम उपलब्ध गराउनेछ । तर देहाय (ङ) मा उल्लेखित बेखर्ची व्यक्तिहरुको हकमा कुश्मा नगरपालिका भित्र स्थायी बसोवास नभएको भएपनि आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ :

१. **सामान्य आर्थिक सहयोग**

क) आर्थिक अवस्था कमजोर भएका र संरक्षक नभएका अशक्त विरामी,

ख) आर्थिक अवस्था कमजोर भएका र संरक्षक नभएका अपाङ्गता भएका व्यक्तिहरु,

ग) आर्थिक अवस्था कमजोर भएका र संरक्षक नभएका वृद्ध वृद्धा,

घ) अति विपन्न व्यक्तिहरु

ङ) बेखर्ची व्यक्तिहरु

च) प्राकृतिक प्रकोप ( भुकम्प, बाढी, पहिरो, आगजनी, हावाहुरी जस्ता)तथा बिपत्तिमा परेका व्यक्तिहरु ।

२. **विशेष आर्थिक सहायता**

कुश्मा नगरपालिका क्षेत्रभित्र वसोवास गर्ने देहायका व्यक्तिहरुलाई सम्बन्धित ब्यक्ति वा संरक्षकको निवेदन र निजको नागरिकताको प्रतिलिपि, सम्बन्धित वडा कार्यालयको स्पस्ट किटानी सिफारिस, मेडिकल वोर्ड वा क्षेत्रीयस्तरको अस्पताल वा नगरपालिकाको विपन्न असाहय कडा रोग सिफारिस समितीको सिफारिसका आधारमा वढीमा रु ५०,०००। (पचार हजार रुपैंया) सम्म नगरप्रमुखको लिखित आदेशमा प्रमुख प्रशासकीय अधिकृतले सहायता रकम उपलब्ध गराउनेछ । सो भन्दा माथिको आर्थिक सहायता उपलब्ध गराउनुपर्दा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

क) कडा रोग लागि अपरेशन गर्नुपर्ने आर्थिक अवस्था कमजोर भएका व्यक्तिहरु,

ख) शरिरको कुनै अङ्ग फेर्नुपर्ने आर्थिक अवस्था कमजोर भएका व्यक्तिहरु,

ग)कडा रोग लागि उपचारको लागि धेरै खर्च लाग्ने आर्थिक अवस्था कमजोर भएका व्यक्तिहरु,

तर, निसन्तान वा सन्तान भएपनि सन्तानद्वारा परित्यक्त वृद्धाश्रममा बसेका दीर्घरोगलागि नियमित औषधीसेवन गर्नुपर्ने वृद्ध वृद्धाहरु तथाबाल संरक्षण गृहमा रहेका दीर्घरोग लागि नियमित औषधी सेवन गर्नुपर्ने वालवालिकाहरुको हकमा व्यहोरा प्रमाणित हुने गरी सम्वन्धित संस्था र वडा कार्यालयको सिफारिसका आधारमा वढीमा रु. ७,०००। (सात हजार रुपैंया) सम्म नगरप्रमुखको लिखित आदेशमा प्रमुख प्रशासकीय अधिकृतले सहायता रकम उपलब्ध गराउनेछ ।

माथिको सामान्य आर्थिक सहयोग गर्ने अधिकार नगर प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३. **दैविप्रकोप तथा विपद्जन्य आर्थिक सहायता :**

प्राकृतिक प्रकोपबाट व्यक्तिगत तथा सार्वजनिक सम्पतिको दैविप्रकोप भई क्षति हुदाँ प्रहरी मुचुल्का, वडाको सिफारिस सहित क्षतिको मुल्याकंनको आधारमा देहाय बमोजिमका व्यक्ति वा संस्थालाई देहाय बमोजिम आर्थिक सहायता उपलब्ध गराउने ।

क) कुनै व्यक्तिको घर बस्न नमिल्ने गरी क्षती भएमा यस कार्यालयको प्राविधिक कर्मचारीको मुल्याकंनको आधारमा ह्रास कटि समेत गरी १० प्रतिशतले हुन आउने आर्थिक सहायता उपलब्ध गराउने ।

ख) कुनै व्यक्तिको घर गोठ नष्ट र मानिस समेत घाइते भएमा उपचार खर्च एवं क्षतिको मुल्याकंनको आधारमा ह्रास कटि समेत गरी २० प्रतिशत सम्म उपलब्ध गराउन सकिनेछ ।

ग) कुनै व्यक्तिको घर गोठ नष्ट भई मानिस समेत हताहत भएमा कार्यपालिकाबाट अनुमोदन गर्ने गरी तत्काल नगर प्रमुखको लिखित आदेशमा

प्रमुख प्रशासकीय अधिकृतले रु. १ लाख सम्म उपलब्ध गराउन सक्नेछ सो को लागि स्थानीय आवेदन पत्र पत्रिका एवं संचार माध्यममा समाचार प्रकाति भएको हुनु पनर्छे ।

घ) सार्वजनिक विद्यालय, स्वास्थ चौकी, कम्पाउण्ड वाल, सडक लगायत सार्वजनिक बस्तुको प्राकृतिक विपद्बाट क्षति भएमा प्राविधिक मुल्याकंन, वडाको सिफारिस प्रहरीको सर्जमिन मुल्याकंनको आधारमा मुल्याकंन बमोजिम श्रोतको व्यवस्था समेत ख्याल गरी कार्यपालिकाले निर्माण कार्य गर्ने ।

आज्ञाले
हरि पंगेनी
प्रमुख प्रशासकीय अधिकृत